# गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेहेलकुना सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**आन्तरिक आय संकलन ( ठेक्का बन्दोबस्त ) अनलाईन वोलपत्र प्रकाशन गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८१।०७।१४ गते ( 30/oct.2024)*

यस नगर कार्यपालिकाको मिति २०८१।०७।०८ को बैठकको निर्णय अनुसार नगरपालिकाले तल उल्लेखित आन्तरिक कर असुली गर्न आ.व. ०८१।८२को लागी ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा यो सूचना प्रकाशन गरिएको छ। यस वोलपत्रमा भाग लिन चाहने इच्छुक फर्म तथा ब्यवसायीहरुले प्रचलित कानून बमोजिम दर्ता भइ प्रमाणपत्रको प्रतिलिपी सहित सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र वोलपत्र खरिद गरी तपशिल अनुसारका शर्तको अधिनमा रही निर्धारित अवधिभित्र वोलपत्र पेस गर्न हुन सम्वन्धीत सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ। साथै यस कार्यालयको वेवसाइट **www.gurbhakotmun.gov.np** मा पनि हेर्न सक्नुहुने छ।

**तपसिल :**

१. आफुले लिन चाहेको ठेक्का पूर्ण रुपमा अनलाईन बिधि मात्र हुनेछ। कवुल गरेको ठेक्का रकम स्पस्ट बुझिने गरी अंक र अक्षरमा खुलाई सहि छाप गरी आफै वा आफ्नो प्रतिनिधिद्वारा ठेक्का नम्बर उल्लेख गरी पेश गर्नुपर्दछ। ठेक्का वढिवढाउमा हुनेछ।
२. उल्लेखित ठेक्काको कर ,दस्तुर, दररेट र सर्तहरु बोलपत्र फारममा संलग्न गरिने छ।
३. वोलपत्रमा तल उल्लेखित धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको रा.वा. बैंक मेहेलकुना सुर्खेतमा रहेको धरौटी खाता नं.४४८१००३०३००००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट 'क' बर्गको इजाजत प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको सक्कल बैंक ग्यारेन्टी (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्ने छ।साथै कार्यालय कोड नं : ८०६६८४०१३००, राजश्व शिर्षक नं : १४२२९ ,अफिस खाता नं : ४४८१००३०४०१०००२
४. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कारबाही हुने छैन।
५. वोलपत्र खोल्ने समयमा बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
६. कबुल अंक सम्झौता गर्नु भन्दा अगाडी ५०(पचास) प्रतिसत रकम अनिबार्य रुपमा अग्रिम दाखिला गर्नुपर्ने छ र वाकी रकमको वैक ग्यारेन्टी पेस गर्नुपर्ने छ।
७. सूचना प्रकाशित भए पश्चात दाखिला गर्ने अन्तिम मिति र समय २०८१।०८।१४ (29 Nov. 2024 ) दिनको १२:00 बजे सम्म हुने छ।
८. बोलपत्र अन्तिम दिनको १३:00 बजे खोलिने छ। बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ।
९. यो सूचना उल्लेखित भएको कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकार प्रचलित कानून बमोजिम हुनेछ।

**तपसिल :**

| क्र. स. | ठेक्का नं | शिर्षक | न्युनतम ठेक्का अंक मु. अ. कर बाहेक | धरौटी रकम | टेन्डर दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | NCB/ GOODS/ GM/MS/ 01-081/82 | गुर्भाकोट नगरपालिका क्षेत्रभित्र पर्ने गिट्टी, वालुवा,ढुगां र माटो बिक्रि उत्खनन् तथा वितरण गर्ने आन्तरिक आय सम्बन्धी ठेक्का, खहरे खोला, वेतेनीखोला,र घुमखोला भेरीनदी ,गोचे खोला,आपखोला,पोखरे खोला र नक्कले सिन्धुरे खोला र कुरुल्ले क्षेत्र आदी। | रु ८३,१५,१८०।०० (अक्षेरुपी तिरासी लाख पन्ध हजार एक सय असी रुपैया मात्र ) | रु ४,00,000.00 रु चार लाख रुपैया मात्र | रु ३,000। (अक्षरुपी तिन हजार रुपैंया मात्र ) | |

प्रमुख प्रशासकिय अधिकृत

धर्म राज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत